समृद्ध भीरकोटको आधार, कृषि पर्यटन आँधिखोलाको उपहार

भीरकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेयरघारी, स्याङ्जा
गण्डकी प्रदेश, नेपाल

पत्र संख्याः ०७७/०७८
चलानी नं. ३०९

## आधिखोलामा ढुंगा गिट्टी बालुवा संकलन र बिक्रि वितरण सम्बन्धी सार्वजनिक सूचना

प्रकाशन मिति :-२०७७/०६/२१

भीरकोट नगर कार्यपालिकाको ६६ औ वैठकको निर्णयानुसार मिति २०७७/०६/२३ देखि मिति २०७७/०७/०७ सम्म भीरकोट नगरपालिका क्षेत्र भित्रको आधिखोलामा ढुंगा गिट्टी बालुवा संकलन र बिक्रि वितरण गर्ने कार्यका लागि भीरकोट भित्रका टयाक्टर व्यवसायीहरुले तपसिलका बुदाहरुको अधिनमा रही ढुंगा गिट्टी बालुवा संकलन र बिक्रि वितरण गर्न सबैको सम्बन्धित जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

१. निर्माण सामाग्री उठाउनु पूर्व आफुले तिर्नु पर्ने रकम (१५ दिनको रु. ५००००) भीरकोट नगरपालिकाको राजश्व खातामा रकम जम्मा गरि सोको भौचर नगरपालिका को कार्यालयमा पेश गर्नु पर्ने छ ।

२ हाललाई मिति २०७७/०६/२३ देखि मिति २०७७/०७/०७ गते सम्ममात्र निर्माण सामाग्रि उठाउन आधिखोला खुल्ला गरिएको छ।

३. निर्माण सामाग्री उठाउदा मेसिनरी औजार (लोडर डोज़र) को प्रयोग गर्न पाइने छैन ।एक ओटा टयाक्टरमा चालक सहित ३ जना ज्यामीले मात्र लोड गर्न पाइने छ।

४. निर्माण सामाग्री उठाँउदा विहान ७ बजे देखि बेलुका ६ बजे सम्म मात्र उठाउनु पर्ने छ यसरी उठाएको निर्माण सामाग्री आधिखोला किनार देखि ३०० मिटर टाढा भण्डारण गर्नु पर्नेछ ।

५. आधिखोला बगेको पानी भित्र रहेका निर्माण सामाग्रीहरु उठाउन पाइने छैन ।

६. आधिखोलामा निर्माण भएका भौतिक संरचनाहरु (पूल झोलुंगे पूल) मा असर पर्ने गरि निर्माण सामाग्री उठाउन पाइने छैन ।

७. तोकिय वमोजिमको रकम दाखिला भए पछि सामाग्री निकासी अनुमति पत्र (स्टिकर) उपलब्ध गराउने छ,उक्त स्टिकर लगाएका सवारी साधन ले मात्र निर्माण सामाग्री उठाउँन र ढुवानी गर्न पाउने छन् ।

प्रमुख प्रशासकीय अधिकृत

वेबसाईटः- www.bheerkotmun.gov.np
इमेलः- info@bheerkotmun.gov.np
फोनः- ०६३४००१०६, ०६३४००१७७
फ्याक्सः- ०६३४००१७७
सामाजिक संजालः- bheerkotmun
Bheerkot Municipality

८. तोकिए वमोजिमको शुल्क नबुझाउने मादक पदार्थ सेवन गरि होहल्ला गर्ने वा यस सम्झौता मा उल्लेख भएको सर्तहरुको पालना नगर्ने व्यवसायीहरुलाई कानुन वमोजिम दण्ड सजाय गर्ने छ ।

९. हाललाई भीरकोट नगरपालिका क्षेत्र भित्रका टयाक्टर व्यवसायीहरुले मात्र निर्माण सामाग्री उठाउन भण्डारण र बिक्रि वितरण गर्न पाउने छन ।

प्रमुख प्रशासकिय अधिकृत